वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र सङ्ख्याः- २०८०/०८१

मितिः- २०८१/०१/०२

च.नं. ४६५८

ने. स. ११४४ चौलाथ्व ६, आइतबार

विषयः शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान, पठनपाठन तथा शैक्षिक कार्यकलाप सञ्चालन सम्बन्धमा ।

श्री वीरेन्द्रनगर नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरु ।

उपर्युक्त सम्वन्धमा हामी शैक्षिक सत्र २०८१ को पूर्व सन्ध्यामा छौं । शैक्षिक सत्र २०८० मा सबै विद्यालयहरुले विद्यार्थी मूल्यांकन गर्ने कार्य सम्पन्न गरी नतिजा विश्लेषण तथा अभिभावकहरुसंगको अन्तरक्रिया समेत सम्पन्न गरिसकेको हुनुपर्दछ । यसै सन्दर्भमा नयाँ शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना अभियान लगायतका तपसिलका कार्यहरु गर्न गराउन यसै सूचना मार्फत सम्पूर्ण विद्यालयहरुलाई जानकारी गराइन्छ ।

.....................................

धिरेन्द्र प्रसाद शर्मा

उपसचिव

तपसील

१) 'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्रासिको सुनिश्चितता' भन्ने आदर्श वाक्यका साथ सबै विद्यालयहरुले आफ्नो सेवा क्षेत्रमा विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गरी सेवाक्षेत्रमा रहेका विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना भएको सुनिश्चितता गर्ने ।

Scanned with CamScanner

वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र सङ्ख्याः- २०८०/०८१

मितिः- २०८१/०१/०२

च.नं.

ने. स. ११४४ चौलाथ्व ६, आइतवार

२) भर्ना अभियान सञ्चालन गर्दा कुनै जनप्रतिनिधि, राजनीतिक दल, शिक्षाप्रेमी, समाजसेवी तथा नागरिक अगुवाहरुले कुनै बालबालिकाको संरक्षकत्व वा अभिभावकत्व लिन चाहेमा उक्त जिम्मेवारी पूरा गर्नका लागि आवश्यक सहजीकरण गर्ने र सो कार्यको जानकारी नगरपालिकालाई दिने ।

३) विद्यार्थी भर्ना अभियान कार्यक्रम सम्पन्न भइसेकपश्चात पनि कुनै बालबालिका विशेष कारणले विद्यालयको पहुँचभन्दा बाहिर रहेको देखिएमा सो को नामनामेशी विवरण सम्बन्धित वडा कार्यालयमार्फत नगरपालिकामा पेश गर्ने ।

४) २०८१ जेष्ठ ७ गतेभित्र सबै विद्यालयहरुले आ आफ्नो विद्यालयको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई अद्यावधिक गर्ने ।

५) विद्यालयको वार्षिक कार्यपात्रो लगायतका शैक्षणिक तथा विद्यालय सुधार योजना लगायतका शैक्षिक योजना निर्माण र कार्यान्वयनमा जोड दिने ।

६) सबै सामुदायिक विद्यालयहरुले नियमानुसार समयावधि सकिएको भए २०८१ वैशाख मसान्तसम्म आआफ्नो विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति नियमानुसार पुनर्गठन गरी नगरपालिकालाई जानकारी दिने ।

७) विद्यालय हाता र कक्षाकोठा सरसफाइ तथा व्यवस्थापन गर्ने कार्यलाई बालमैत्री, सिकाइमैत्री र प्रविधिमैत्री बनाउने कार्यमा जोड दिने ।

धिरेन्द्र प्रसाद शर्मा
उपसचिव

Scanned with CamScanner

वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र सङ्ख्याः- २०८०/०८१

मितिः- २०८१/०१/०२

च.नं.

ने. स. ११४४ चौलाथ्व ६, आइतबार

८) विद्यालयमा कार्यरत शिक्षकहरुलाई अध्ययन अध्यापनका अलावा अन्य विभागीय जिम्मेवारी बाँडफाँड गरी विद्यालयमा अतिरक्त क्रियाकलाप, स्काउट, रेडक्रस, खेलकूद आदि पक्षलाई समेत सञ्चालन तथा परिचालन गर्ने कार्यमा जोड दिने ।

९) प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा १२ सम्म परिमार्जित गरिएको राष्ट्रिय पाठ्यक्रम र वीरेन्द्रनगर नगरपालिकाले विकास गरेको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रमको अनिवार्य रुपमा प्रयोग गर्ने गराउने ।

१०) सामदायिक विद्यालयमा कार्यरत् नर्सहरुलाई नगरपालिकाको निर्देशन अनुसार परिचालन गरी बालवालिकाको स्वास्थ्य र पोषणका क्षेत्रमा काम गर्ने उपयुक्त वातावरण तयार गर्ने गराउने ।

११) प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययन गर्ने बालबालिकाहरुलाई नेपाल सरकारले विकास गरेको न्यनूतम मापदण्डबमोजिम दिवा खाजा व्यवस्थापन गर्ने कार्यलाई पारदर्शी र प्रभावकारी बनाउने ।

१२) कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुलाई कक्षा १ देखि ५ सम्मको स्थानीय विषयको पाठ्यपुस्तक **हामी र हाम्रो वीरेन्द्रनगर** सहित अन्य पाठ्यपुस्तकहरु विद्यार्थी भर्नासंगै निःशुल्क रुपमा उपलब्ध गर्ने गराउने ।

१३) परिमार्जित पाठ्यक्रमअनुसार विद्यार्थी मूल्यांकन गरी उक्त अभिलेख पाठ्यक्रम बमोजिम अद्यावधिक गर्ने कार्यलाई शैक्षिक सत्रको शुरुवाट नै पूर्णरुपमा लागू गर्ने गराउने ।

धिरेन्द्र प्रसाद शर्मा
उपसचिव

Scanned with CamScanner